# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्ष ५७ | २०८१ असोज-कार्तिक | अङ्क २


## चिनिया शैक्षिक संस्थाहरूसँग सहकार्य

त्रिभुवन विश्वविद्यालयका उपुकलपति प्रा.डा. केशरजङ्ग बरालले चीनका विभिन्न प्रतिष्ठित शैक्षिक संस्थाहरूको भ्रमण गरी त्रिवि र तिनका बीच भ्रमणमा त्रिविले बेइजिङ्गस्थित चाइनिज एकेडेमी अफ् साइन्सेस् (क्यास) सँग एक दशकदेखि गर्दै आएको सहकार्यको समझदारीपत्र (MoU) नवीकरण गरे पठन-पाठन कार्य प्रभावकारी बनाउन दुई संस्थाबीच भएको समझदारीपत्र नवीकरण गर्नुका साथै इन्स्टिच्यूटलाई वर्तमान परिस्थिति अनुरूप सशक्त ढङ्गले




*त्रिवि र चाइनिज एकेडेमी अफ साइन्सेस(क्यास) को समझदारीपत्रमा हस्ताक्षरपछि समझदारीपत्र साटासाट गर्नुहुँदै त्रिविका उपकुलपति प्रा.डा. केशरजङ्ग बराल तथा क्यासका सहअध्यक्ष ही हङपिङ ।* *तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

सहकार्यका लागि समझदारीर सहमतिहरू गर्नुभएको छ ।


कार्तिकको २६ गतेदेखि मंसिरको ५ गतेसम्म भएको उपकुलपतिको चीन को छ । यही भ्रमणको क्रममा चीनको सिङ्सी प्रान्त, नाङ्चाङस्थित इस्ट चाइना युनिभर्सिटी अफ् टेक्नोलोजीद्वारा त्रिविमा स्थापित कन्फ्युसियस इन्स्टिच्यूटको अगाडि बढाउन र यसका प्रशासनिक तथा प्राविधिक गतिविधि सरलीकरण गर्न सहमति भएको छ । त्रिविमा कन्फ्युसियस इन्स्टिच्यूटको स्थापना र सञ्चालन







*त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजंग बरालको चिन भ्रमणका क्रममा विभिन्न उच्चशिक्षाका निकायहरुसँग भएका सहकार्यहरू ।*


Mr. Binod Joshi
Prof. Keshar J. Baral




Keshar J.
(PhD)


特里布文大学 与 东华理工大学
合作会谈
Collaborative Meeting between
TU and ECUT
2024年11月12日

चीनका राष्ट्रपति शी चीनफिङको सन् २०१९ मा भएको नेपालको राजकीय भ्रमणका क्रममा गरिएको सहमति अनुसार भएको हो ।

उक्त कार्यक्रममा उपकुलपति बरालले बदलिँदो परिस्थितिमा चीन र नेपालबीचको सम्बन्धलाई अझ प्रगाढ पार्न दुवै देशका भाषा, सँस्कृति तथा शैक्षिक गतिविधिहरू परस्पर आदान-प्रदान गर्नु आवश्यक भएको बताउनु भयो । भ्रमणमा उहाँले चाइनिज ऐकेडेमी अफ् साइन्सेस्को अनुसन्धान केन्द्र इन्स्टिच्यूट अफ् टिबेटियन प्लेटो रिसर्च (आइटिपी)का शिक्षाविद् तथा वैज्ञानिकहरूसँग छलफल पनि गर्नुभयो । छलफलमा क्यासका शिक्षाविद् तथा वरिष्ठ प्राध्यापक प्रा. याहो थेङदोङले नेपालका युवा वैज्ञानिकहरूसँग मिलेर सहकार्य गर्ने विषयमा सहमति जनाउनु भएको छ ।

भ्रमणमा त्रिवि र क्यासले कीर्तिपुरमा संयुक्त रूपमा सञ्चालन गरिरहेका काठमाडौं सेन्टर फर रिसर्च एण्ड एजुकेशन (केसिआरइ)लाई थप व्यवस्थित र दुई देशका वैज्ञानिकहरूबीच सहकार्यको केन्द्रका रूपमा सुदृढ गर्ने विषयमा पनि छलफल भएको छ । सो अवसरमा केसिआरइका कार्यकारी निर्देशक प्रा.डा. वाङ थाओले दुवै देशका अनुभवी प्राध्यापक एवम् वैज्ञानिकहरूको सहकार्यबाट वैज्ञानिक गतिविधि अघि बढाउने, त्रिविका युवा वैज्ञानिकहरूलाई प्रोत्साहित गर्ने, विद्यावारिधि तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूलाई थेसिस गर्न अनुदान उपलब्ध गराउने तथा शिक्षक-कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने विषयमा सहमति भएको स्पष्ट गर्नुभएको छ ।

भ्रमणमा उपकुलपति बराललाई इस्ट चाइना युनिभर्सिटी अफ टेक्नोलोजी विश्वविद्यालयले मानार्थ प्राध्यापक पदबाट विभुषित गरेको छ । उपकुलपति बरालले उक्त विश्वविद्यालयका विद्यार्थी, प्राध्यापक, पदाधिकारी, डीन र निर्देशकहरूका बीच 'फाइनान्सिङ हायर एजुकेशन इन नेपाल' शीर्षकमा प्रस्तुति समेत् गर्नुभएको थियो ।

सहमतिपत्रमा हस्ताक्षरपछि आयोजित अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै इस्ट चाइना युनिभर्सिटी अफ् टेक्नोलोजीका सह-अध्यक्ष देङ जुहीले नेपालकै प्रतिष्ठित विश्वविद्यालयका उपकुलपति तथा अन्य प्रतिनिधिहरूलाई स्वागत गर्न र उहाँहरूसँग साक्षात्कार हुन पाउँदा खुशी लागेको बताउनु भयो । "देश र विदेशमा शैक्षिक योगदान गर्न सफल त्रिविका उपकुलपतिज्यूलाई विश्वविद्यालयको मानार्थ प्राध्यापक पदबाट विभुषित गर्न पाउँदा हामी गौरवान्वीत भएका छौं", उहाँले भन्नुभयो ।

यो भ्रमणकै बेला त्रिविका उपकुलपति प्रा.डा. केशर जङ्ग बराल आफूले सन् २०१७-१८ मा करीब एक वर्ष प्राध्यापन गरेको जियाङ्सी प्रदेशको जिन्यू युनिभर्सिटी पनि पुग्नुभयो । सो अवसरमा त्रिवि र उक्त विश्वविद्यालयबीच सन् २०१३ मा भएको समझदारीपत्रलाई समेत् नवीकरण गरिएको छ ।

आफ्ना पुराना सहकर्मीहरूमाझ खुशी आदान-प्रदान गर्दै उपकुलपति बरालले भन्नुभयो, "इञ्जिनियरिङ्ग अध्ययन-अध्यापनमा ख्याति कमाएको जिन्यू विश्वविद्यालयसँग शैक्षिक सहकार्यका लागि समझदारीपत्रमा हस्ताक्षर गर्न पाउँदा मलाई रोमाञ्चको अनुभव भएको छ ।" सो अवसरमा विश्वविद्यालयका अध्यक्ष Xu Zhonglinले पनि नेपालजस्तो सुन्दर देशको प्रतिष्ठित विश्वविद्यालयसँग सम्बन्ध प्रगाढ बनाउन पाउँदा अन्यन्त हर्षित भएको बताउँदै आफ्नो विश्वविद्यालयबारे संक्षिप्त जानकारी दिनु भएको थियो । उहाँको प्रतिबद्धता थियो, "हामी आउँदा दिनहरूमा द्विपक्षीय शैक्षिक उन्नयनका लागि शिक्षक, विद्यार्थी र विज्ञहरूबीच शैक्षिक आदान-प्रदानका कार्यक्रमहरू गर्दै जानेछौं ।"

चीनमा भएका दुवै विश्वविद्यालयका कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका तर्फबाट उपकुलपति प्रा.डा. केशर जङ्ग बराल, अन्तरराष्ट्रिय सम्बन्ध केन्द्रका कार्यकारी निर्देशक विनोद जोशी, कन्फ्युसियस इन्स्टिच्यूटका निमित्त निर्देशक डा. बलराम दुवाल, गणित शिक्षा विभागका विभागीय प्रमुख डा. अवतार सुवेदी र उपकुलपति कार्यालयका शाखा अधिकृत राजमान महर्जन उपस्थित हुनुहुन्थ्यो ।

उपकुलपति बराल चीनको राजधानी बेइजिङ्गमा सम्पन्न चाइनिज भाषा सम्मेलनमा पनि सहभागी हुनुभयो । उक्त सम्मेलनमा कन्फ्युसियस इन्स्टिच्यूटको प्रतिनिधिका रूपमा चारहजारभन्दा बढी सहभागीको उपस्थिति थियो । यससँगै उपकुलपतिले युवा विद्यार्थीहरूलाई छात्रवृत्तिदेखि त्रिविका विभिन्न विभागका सुधार परियोजनामा साथ दिँदै आइरहेको अलाइन्स अफ् इन्टरनेशनल साइन्स अर्गनाइजेशन (एन्सो)सँग सहकार्यका योजनाहरूबारे सो संस्थाका उप-कार्यकारी निर्देशक डा. आहाङ सिजुआन लगायत् सचिवालयका पदाधिकारीहरूसँग छलफल गर्नुभएको थियो ।

चीन भ्रमणको सिलसिलामा त्रिभुवन विश्वविद्यालय र चीनका शैक्षिक संस्थाहरूबीच के-कसरी काम कारवाहीहरू भइरहेका छन् र भविष्यमा चीनसँगको शैक्षिक सहकार्यलाई के-कसरी अगाडि बढाउन सकिन्छ भन्ने सम्बन्धमा उपकुलपति बराल तथा बेइजिङ्गस्थित नेपाली राजदुतावासका परामर्शदाता सबिता नकर्मीबीच पनि कुराकानी भएको थियो ।

# जल तथा मौसम विज्ञान विभागद्वारा शीतकालीन कक्षा सञ्चालन

त्रिभुवन विश्वविद्यालय, जल तथा मौसम विज्ञान केन्द्रीय विभागले फ्रान्सेली अनुसन्धान तथा विकास संस्थान (आइआरडी फ्रान्स), काठमाडौं सेन्टर फर रिसर्च एण्ड एजुकेसन (केसिआरइ-त्रिभुवन विश्वविद्याल/चाइनिज एकेडेमी अफ् साइन्सेस्), एकीकृत अन्तरराष्ट्रिय पर्वतीय केन्द्र (इसिमोड) र संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक सङ्गठन (युनेस्को)को सहयोगमा शीतकालीन कक्षा सञ्चालन गरेको छ ।

रिमोट सेन्सिङ प्रविधिबाट हिउँ र हिमनदीको स्थलगत अध्ययन पश्चात् कीर्तिपुरस्थित केसिआरइ परिसरमा आयोजित शीतकालीन कक्षामा राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरका ३० विद्यार्थी सहभागी भएका छन् । कार्तिक ४ देखि मङ्सीर ७ सम्म चल्ने कक्षाहरूमा विज्ञ प्राध्यापकहरूले हिमनदी र हिमाली क्षेत्रमा देखिएका तत्कालीन एवम् दीर्घकालीन पर्यावरणीय तथा सामाजिक-आर्थिक प्रभाव, जलवायु परिवर्तनले ल्याएको परिवर्तन लगायत्का विषयमा प्रकाश पार्नुहुनेछ ।

शीतकालीन कक्षामा सहभागी विद्यार्थीमध्ये १२ जनाले सगरमाथा खुम्बु क्षेत्रका हिमनदीहरूको अध्ययन गरेका छन् । कक्षामा विभिन्न तहमा अध्ययनरत नेपालका १७, भारतका पाँच, चीनका तीन, पाकिस्तानका दुई, भुटानका दुई र बाङ्लादेशका एक विद्यार्थी संलग्न छन् ।

शीतकालीन कक्षा उद्घाटनको अवसरमा त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थानका सहायक डीन डा. सुरेन्द्र



*जल तथा मौसम विज्ञान विभागद्वारा आइआरडी फ्रान्स, केसिआरइ, इसिमोड र युनेस्कोको सहयोगमा सञ्चालित शीतकालीन कक्षा उद्घाटनपछि समारोहका सहभागीहरू ।*
*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

गौतमले अन्तरराष्ट्रिय स्तरको शैक्षिक सहकार्यबाट विद्यार्थीहरूको अध्ययन-अध्यापनलाई प्रभावकारी र व्यावहारिक बनाउन जल तथा मौसम विज्ञान विभागले सञ्चालन गरेको शीतकालीन कक्षाको अभ्यासलाई अन्य विभागले समेत् अनुशरण गर्नसक्ने बताउनु भयो । उहाँको भनाइ थियो, "त्रिभुवन विश्वविद्यालयले विश्वका प्रतिष्ठित संस्थाहरूसँगको सहकार्यमा चलाउने गरेको यस्ता कक्षाबाट विद्यार्थीहरूको क्षमता प्रस्फुटन एवम् अभिवृद्धि गर्न सहयोग पुगेको छ । कक्षामा सहभागी विद्यार्थीहरूले पनि यस्तो अवसरको अधिकतम उपयोग गर्दै प्रविधिको प्रयोग गरेर आफ्नो विषय र क्षेत्रमा विशेष क्षमता प्रस्तुत गर्नुपर्दछ ।"

उद्घाटन कार्यक्रमका विशिष्ट अतिथि चाइनिज एकेडेमी अफ् साइन्सेस्, इन्स्टिच्यूट अफ् टिबेटियन प्लेटोका अन्तरराष्ट्रिय सम्बन्ध निर्देशक प्रा.डा. अलिकुनले भन्नुभयो, "त्रिभुवन विश्वविद्यालयसँग प्राज्ञिक सहकार्य र यसको वैज्ञानिक क्षमता विस्तारमा काठमाडौं सेन्टर फर रिसर्च एण्ड एजुकेशन (केसिआरइ)बाट निरन्तर सहयोग उपलब्ध गराइरहेका छौं । द्विदेशीय सहयोगको अनुपम नमूना मानिएको यो प्राज्ञिक सहकार्य भविष्यमा पनि युवा वैज्ञानिक उत्पादन तथा उनीहरूको अनुसन्धान परियोजनामा जारी रहनेछ । सहभागी वैज्ञानिक युवा-विद्यार्थीहरूले आफ्नासामु उपलब्ध यो अवसरको अधिकतम सदुपयोग गर्नुहुनेछ भन्ने मलाई विश्वास छ ।"

शीतकालीन कक्षा सञ्चालनमा तीन वर्षदेखि निरन्तर संलग्न हुँदैआएको फ्रान्सेली अनुसन्धान तथा विकास संस्थान (आइआरडी)का प्रतिनिधि डा. एडिना राकोभिटानुले विद्यार्थीहरूलाई कक्षामा आफ्ना सम्पूर्ण उत्सुकता र जिज्ञाशा मेट्न धेरैभन्दा धेरै प्रश्न गर्न अनुरोध गर्दै भन्नुभयो, "नेपाल भ्रमणको क्रममा उच्च हिमाली क्षेत्रमा पुगी त्यहाँको वस्तुस्थितिको विस्तृत अध्ययन गरेर धेरै कुरा सिक्न पाएकोले मेरो लागि पनि यो एउटा अमूल्य अवसर भएको छ ।"

एकीकृत अन्तरराष्ट्रिय पर्वतीय केन्द्र (इसिमोड)का हिमनदी विशेषज्ञ डा. सोनाम वाङचुकले हिन्दकुश क्षेत्रको पर्यावरणले अनुसन्धानका लागि विश्वका वैज्ञानिकहरूलाई निरन्तर आकर्षित गरिरहेको स्पष्ट गर्दै भन्नुभयो, "नेपालको हिमाली क्षेत्रको अध्ययनले विद्यार्थीहरूमा प्रयोगात्मक ज्ञानको दायरा बढाउनेछ र भविष्यमा मानव जीवनमा आइपर्ने कष्टकर परिस्थितिको सामना गर्न वैज्ञानिक सुझबुझको विकास गर्नेछ भन्ने मेरो विश्वास छ ।"

जल तथा मौसम विज्ञान केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. दीपक अर्यालले शीतकालीन कक्षा सञ्चालनले विद्यार्थीहरूमा अध्ययन र अनुसन्धानप्रति आकर्षण बढाएको तथा स्थलगत अध्ययनका माध्यमबाट उनीहरूको बौद्धिक क्षमता विस्तार गर्न सफल भइरहेको बताउनु भयो ।

कार्यक्रममा विभागका सह-प्राध्यापक एवम् केसिआरइका उपनिर्देशक डा. विनोद दवाडीले स्वागत मन्तव्य व्यक्त गर्दै कक्षामा सहभागी वैज्ञानिकहरूलाई अधिकतम लाभान्वीत हुनेगरी अध्ययन कार्यमा संलग्न हुन अनुरोध गर्नुभयो । विद्यार्थीहरूबाट उहाँको अपेक्षा थियो, "रिमोट सेन्सिङ प्रविधिबाट हिमनदीहरूको स्थलगत अध्ययन-अनुसन्धान गर्ने विधिको ज्ञानले उनीहरूमा थप क्षमता विकास हुनेछ । विभागले सधैं यसैगरी विद्यार्थीहरूलाई निरन्तर अवसर उपलब्ध गराउनेछ र उत्कृष्ट अध्ययन-अनुसन्धानको वातावरण निर्माण गर्नेछ ।"

कार्यक्रममा शीतकालीन कक्षा २०२४ को नेतृत्व गर्नुभएका जल तथा मौसम विज्ञान केन्द्रीय विभागका उपप्राध्यापक डा. दिवस श्रेष्ठले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै कक्षाबारे सहभागीहरूलाई विस्तृत जानकारी दिनुभएको थियो ।

## अनुरोध

त्रिभुवन विश्वविद्यालय बुलेटिनमा प्रकाशनार्थ समाचार, जानकारी, सूचना पठाई सहयोग गरिदिनु हुन त्रिविका सम्पूर्ण निकायहरूलाई हार्दिक अनुरोध छ ।

*त्रिभुवन विश्वविद्यालय*
*सूचना तथा जनसम्पर्क महाशाखा*

# अमृत क्याम्पसको ६८ औं वार्षिकोत्सव

विज्ञानलाई राष्ट्रिय विकासको आधारस्तम्भ बनाउनु पर्ने संकल्पका साथ असोज १ गते त्रिभुवन विश्वविद्यालय, अमृत क्याम्पसको ६८ औं वार्षिकोत्सव तथा १२ औं राष्ट्रिय विज्ञान दिवस मनाइएको छ ।

कार्यक्रमका प्रमुख अतिथि त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजङ्ग बरालले देशको प्राविधिक विकासका लागि आवश्यक वैज्ञानिक लगायत्का उच्च दक्ष जनशक्ति उत्पादनमा अमृत क्याम्पसले ऐतिहासिक भूमिका निर्वाह गरेको उल्लेख गर्दै भन्नुभयो, "आजको सन्दर्भमा विज्ञान र प्रविधिको भूमिका प्रभावकारी र निर्णायक बन्दै गएकोले अमृत क्याम्पसको सान्दर्भिकता पनि बढेको छ । तसर्थ उच्चशिक्षाका लागि मुलुकको आकर्षक गन्तव्य बन्नुपर्ने ऐतिहासिक दायित्व यो क्याम्पसको काँधमा अहिले पनि निहित छ ।"

मुलुकको विकासका लागि विश्वविद्यालय अत्यन्तै महत्वपूर्ण पक्ष हुनेहुनाले राष्ट्रले विश्वविद्यालय सञ्चालनमा थप जिम्मेवार हुनुपर्ने धारणा व्यक्त गर्दै उपकुलपति बरालले शिक्षा देशको वर्तमान र भविष्य निर्माणकर्ता भएकोले सक्षम, सचेत र अनुकरणीय हुनुपर्ने र उच्चशिक्षामा अनुसन्धानलाई विशेष प्राथमिकतामा राख्नुपर्नेमा जोड् दिनुभयो ।




*अमृत क्याम्पसको वार्षिकोत्सव र राष्ट्रिय विज्ञान दिवस समारोहका प्रमुख अतिथि त्रिविका उपकुलपति प्रा.डा. केशरजङ्ग बराल तथा अन्य अतिथिहरू ।*

कार्यक्रममा क्याम्पस प्रमुख डा. लोकबहादुर बरालले विज्ञान शिक्षाको प्रारम्भ, विकास र विस्तारमा अमृत क्याम्पसको महत्वपूर्ण योगदानबारे प्रकाश पार्दै हाल यो क्याम्पसको भौतिक विकास र शैक्षिक-प्रशासनिक गतिविधि अपेक्षित रूपमा अघि बढ्न नसकेको जानकारी गराउनु भएको थियो ।

# लेखापरीक्षकहरूको अभिमुखीकरण

त्रिभुवन विश्वविद्यालय लेखापरीक्षण महाशाखाले कार्तिक २६ गते देखि २८ गते सम्म करार सेवामा १४ जना नवनियुक्त लेखापरीक्षकहरूको तीनदिने अभिमुखीकरण तथा पूनर्ताजगी कार्यक्रम आयोजना गरेको छ । कार्यक्रमका सहभागीहरू महालेखा परीक्षकको एकैपटक १४ जनालाई नियुक्त गरिएको स्पष्ट गर्दै भन्नुभयो, "हामीले उहाँहरूको अनुभवबाट त्रिभुवन विश्वविद्यालयको आर्थिक नियमका साथै नेपाल सरकारले सार्वजनिक निकायहरूका लागि बनाएको सबै आर्थिक नियम-निर्देशनको पालनामा थाप सहयोग पुग्ने र दण्ड एवम् गरिँदैछ ।

"त्रिविमा ठूलो अनुपातमा विद्यमान सैद्धान्तिक बेरूजुको न्यूनीकरण र नियन्त्रणमा लेखापरीक्षणको महत्वपूणभूमिका हुन्छ", प्रमुख श्रेष्ठले भन्नुभयो, "हालसम्म त्रिविमा रू.७ अर्बको सम्परीक्षणको लागि पठाइएको र हाल



*करारमा नियुक्त लेखापरीक्षकहरूको अभिमुखीकरण कार्यक्रममा मन्तव्य व्यक्त गर्दै त्रिविका रजिष्ट्रार प्रा.डा. केदारप्रसाद रिजाल ।*
*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

कार्यालयबाट अवकाशप्राप्त लेखापरीक्षक हुन् । त्रिविले उहाँहरूलाई महाशाखाका तर्फबाट विश्वविद्यालयका विभिन्न निकायको लेखापरीक्षण गर्न करार सेवामा लिएको हो ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार प्रा.डा. केदार प्रसाद रिजालले महालेखा परीक्षकको रूपमा कार्यरत अनुभवलाई प्रयोग गरी त्रिविको लेखापरीक्षणलाई अझै व्यवस्थित गर्न पुरस्कारलाई कार्यसँस्कृति बनाउन महत्वपूर्ण सहयोग प्राप्त गर्ने अपेक्षा राखेका छौं ।"

त्रिवि लेखापरिक्षण महाशाखाका प्रमुख पुष्पनारायण श्रेष्ठका अनुसार त्रिवि लेखापरीक्षण सम्बन्धी निर्देशिका २०८० अन्तर्गत विश्वविद्यालयका १६२ वटा लेखापरीक्षण इकाई रहेको र दोस्रो चरणमा मङ्सीर २ गतेदेखि उपत्यका बाहिरका निकायहरूमा लेखापरीक्षण म.ले.प बाट सम्पूर्ण सम्परीक्षणको कार्य स्थगित गरिएको व्यहोरा जानकारी गराउनु भयो र असुलउपर गर्नुपर्ने बेरूजुमा ब्याज लाग्ने भएकाले फछ्र्यौट हुने क्रम पनि तीव्र रूपमा अघि बढेको छ । त्रिविका नीतिनियम कार्यान्वयन भएको अवस्थामा बेरूजु न्यून हुने भएकोले त्यसका लागि दण्ड-पुरस्कारको व्यवस्थालाई कडाइका साथ लागु गर्नुपर्ने हुन्छ ।"

# भूगोल विभागको कार्यशाला गोष्ठी तथा जर्नल विमोचन

त्रिभुवन विश्वविद्यालय, भूगोल केन्द्रीय विभागले 'काठमाडौं उपत्यकाको शहरी विकास, क्षेत्रीयता र सामाजिक जोखिम : दिगो शहरी विकासका लागि नीतिको प्रभाव' विषयक कार्यशाला गोष्ठी आयोजना गरेको छ । असोज १४ गते ललितपुरको सिद्धार्थ कटेजमा सम्पन्न शहरका भौगोलिक र साँस्कृतिक सम्पदाहरूको संरक्षण-सम्बर्द्धनका लागि पनि अनुसन्धानमा आधारित भएर नै नीतिगत निर्णयहरू गर्नुपर्दछ ।"

राष्ट्रिय योजना आयोगका सदस्य डा. रमेश प्रसाद सिंहले काठमाडौं उपत्यकाको प्राचीन गरिमा कायम राख्न कार्यान्वयनमा लैजानु पर्दछ ।"

कार्यक्रममा विश्वविद्यालय अनुदान आयोगका पूर्वअध्यक्ष प्रा.डा. भीम प्रसाद सुवेदीले अनुसन्धानले देखाएका विविध पाटालाई जिम्मेवार निकायहरूले गम्भिरतापूर्वक लिनुपर्ने र कार्यान्वयनका लागि साझा संकल्प गर्नुपर्ने आवश्यकता



*भूगोल केन्द्रीय विभागद्वारा आयोजित काठमाडौं उपत्यकाको शहरी विकाससम्बन्धी गोष्ठीमा सहभागीहरू ।*

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

गोष्ठीमा विभिन्न अनुसन्धानबाट खोजी गरिएका तथ्यका आधारमा काठमाडौं शहरमा बढेको सामाजिक जोखिमबारे जानकारी दिइएको थियो ।

गोष्ठीमा भुगोल केन्द्रीय विभागका प्रा.डा. प्रेम सागर चापागाईंले स्वागत मन्तव्य व्यक्त गर्दै भन्नुभयो, "कुनै पनि क्षेत्रको दिगो विकासका लागि अनुसन्धानको महत्वपूर्ण भूमिका हुन्छ । ढिलो भइसकेकोमा जोड् दिँदै भन्नुभयो, "सबै तहका सरकारहरूको संयुक्त पहलमा काठमाडौं उपत्यकालाई व्यवस्थित शहरको रूपमा विकसित गर्नुपर्ने आवश्यकता छ । शहरी विकासमा केन्द्रित भएर विश्वविद्यालयहरूले प्रशस्त अनुसन्धान गरेका छन् । तर तिनका प्रतिवेदनलाई दराजमा थन्क्याएर राख्ने होइन, व्यापक छलफल र विमर्शमा ल्याउनु तथा औंल्याउनु भयो ।

कार्यशाला गोष्ठीमा शंखरापुर नगरपालिकाका इञ्जिनियर मिलन तुलाधरले सबै तहका सरकारहरूले नीतिगत निर्णय गर्दा काठमाडौं उपत्यकाको शहरी विकाससम्बन्धी यो अनुसन्धानबाट प्राप्त सुझावहरूमा ध्यान दिनुपर्नेमा जोड् दिनुभयो । त्यस्तै चाँगुनारायण नगरपालिकाका प्रमुख

जीवन खत्रीले प्रस्तुत अनुसन्धान शहरी क्षेत्रलाई कसरी सुरक्षित बनाउन सकिन्छ भन्ने विषयमा केन्द्रित भएकोले यसको प्रतिवेदन कार्यान्वयन हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

यसअघि असोज १३ मा भुगोल केन्द्रीय विभागकै आयोजनामा 'द जियोग्राफिकल जर्नल अफ् नेपाल' को विमोचन एवम् त्रिविका पूर्वशिक्षाध्यक्ष भूगोलविद् प्रा.डा. सुर्यलाल अमात्य स्मृति पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको थियो । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजङ्ग बरालले भुगोल केन्द्रीय विभागमा अध्ययनरत विद्यार्थी रवि सिटौलालाई उक्त पुरस्कार प्रदान गर्नुभएको थियो ।

उपकुलपति बरालले जर्नल विमोचन तथा पुरस्कार वितरण कार्यक्रममा प्रा.डा. अमात्यले त्रिभुवन विश्वविद्यालयको शैक्षिक एवम् प्रशासनिक विकासमा निर्वाह गर्नुभएको भूमिकाको प्रशंसा गर्दै भन्नुभयो, "विश्वविद्यालयहरू आधुनिकताका प्रतीक हुन् । त्यसैले यहाँ उत्कृष्ट विद्यार्थीहरू प्रवेश गर्ने गर्दछन् । विश्वविद्यालयले उनीहरूलाई योग्यताको आधारमा काम गर्ने वातावरण निर्माण गर्नुपर्दछ ।"

# आयुर्वेद क्याम्पसमा धनवन्तरी जयन्ती

त्रिभुवन विश्वविद्यालय, आयुर्वेद क्याम्पसले कार्तिक १३ गते धनवन्तरी जयन्ती तथा राष्ट्रिय आरोग्य दिवसको उपलक्ष्यमा विभिन्न शैक्षिक एवम् प्रशासनिक कार्यक्रम सञ्चालन गरी 'राष्ट्रिय आरोग्य सप्ताह' मनाएको छ ।

राष्ट्रिय आरोग्य सप्ताहको अवसरमा आयुर्वेद क्याम्पसले परिसरको सरसफाइ, रक्तदान, धनवन्तरीपुजन, जर्नल विमोचनका कार्यक्रमहरू गरेको छ । सो अवसरमा क्याम्पसद्वारा प्रकाशित 'आयुर्वेद क्याम्पस जर्नल'को विमोचन गर्दै त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थानका डीन प्रा.डा. दिव्यासिंह शाहले भन्नुभयो, "हाल देश-विदेशमा महत्व र आकर्षण बढिरहेको आयुर्वेदको प्राचीन उपचार पद्धतिबाट नेपालले धेरै फाइदा लिनसक्दछ । यसका लागि आयुर्वेद क्याम्पसमा कार्यरत शिक्षकहरूले अनुसन्धान कार्यक्रममा बढी जोड्दिनु र आयुर्वेद चिकित्सा पद्धतिबाट गरिने




*आयुर्वेद क्याम्पसद्वारा आयोजित धनवन्तरी जयन्ती तथा राष्ट्रिय आरोग्य दिवस समारोहलाई सम्बोधन गर्दै चिकित्साशास्त्र अध्ययन संस्थाका डीन प्रा.डा. दिव्यासिंह शाह ।* *तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

उपचारको कुनै नकारात्मक असर नहुने कुरालाई स्थापित गरेर धेरैभन्दा धेरै प्रकाशनहरू गर्नुपर्दछ ।"

उक्त अवसरमा डीन शाहले क्याम्पसका उत्कृष्ट शिक्षकहरू नितेश कुमार शाह, निर्मल प्रसाद भुसाल र संगिता महर्जनका साथै कर्मचारीहरू निर्मला श्रेष्ठ र रमेश कार्कीलाई पुरस्कृत गर्नुभयो । यसै सन्दर्भमा उहाँले चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गतका विभिन्न शैक्षिक एवम् प्रशासनिक पदमा लामो समयदेखि पदपूर्ति नहुँदा निराशा बढेको र कैयौं सक्षम चिकित्सकहरू पलायन भइरहेकोतर्फ पनि त्रिवि पदाधिकारीहरूको ध्यान आकर्षित गर्नुभएको थियो ।

कार्यक्रममा क्याम्पस प्रमुख डा. शिव मङ्गल प्रसादले आयुर्वेद क्याम्पसको लामो इतिहास भएता पनि यसले निकै पछि मात्र संस्थागत स्वरूप प्राप्त गरेको स्पष्ट गर्नुभयो । नेपाललाई हिमाल, पशुपतिनाथ, लुम्बिनीसँगै आर्युवेदबाट समेत् परिचित गराउन सकिने उल्लेख गर्दै प्रमुख डा. प्रसादले हालै स्वीकृति प्राप्त महिला छात्रावासको निर्माणपछि क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई थप सहयोग पुग्ने र पठन–पाठनको गुणस्तर बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

# त्रिवि कर्मचारी संघ केन्द्रीय समितिको देउसी-भैलो कार्यक्रम

त्रिभुवन विश्वविद्यालय कर्मचारी संघ केन्द्रीय समितिले कार्तिक १४ गते त्रिवि केन्द्रीय कार्यालयमा नेपालीहरूको मौलिक चाडपर्व तिहार, नेपाल सम्बत ११४५ र संरक्षण गर्ने उद्देश्यले आयोजित कार्यक्रममा त्रिभुवन विश्वविद्यालय कीर्तिपुर परिसर लगायत् केन्द्रीय कार्यालयमा कार्यरत कर्मचारीहरूको उत्साहपूर्ण सहभागिता भट्टराईले नेपाली चाडपर्वहरूको विशिष्ट महत्वको चर्चा गर्दै यस्ता चाडपर्वले सबै कर्मचारीलाई एकताको सूत्रमा बाँध्न सकोस् भनी शुभकामना व्यक्त गर्नुभयो ।




*त्रिवि कर्मचारी संघले आयोजना गरेको देउसी-भैलो कार्यक्रममा मन्तव्य व्यक्त गर्दै त्रिवि रजिष्ट्रार प्रा.डा. केदारप्रसाद रिजाल ।*
*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

छठको शुभकामना आदान-प्रदान तथा देउसी-भैलो कार्यक्रम आयोजना गरेको छ । साँस्कृतिक तथा मौलिक परम्पराको थियो ।

कार्यक्रमका प्रमुख अतिथि त्रिवि सेवा अयोगका अध्यक्ष प्रा.डा. घनश्याम

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार प्रा.डा. केदारप्रसाद रिजालले कर्मचारीहरूलाई उच्चमनोबलका साथ

कार्यक्षेत्रमा लाग्न अनुरोध गर्नुभयो ।

देउसी-भैलो तथा शुभकामना आदान-प्रदान कार्यक्रममा त्रिवि कर्मचारी संघका पूर्वअध्यक्ष र विभिन्न महाशाखाका प्रमुख तथा केन्द्रीय कार्यालयमा कार्यरत कर्मचारीहरूको उपस्थिति थियो । देउसी-भैलोबाट ५३ हजार ५३० रूपैयाँ सक्लन भएको त्रिवि कर्मचारी संघ केन्द्रीय समितिले जनाएको छ ।

# लेखा कर्मचारीलाई सेवाकालीन तालीम

त्रिभुवन विश्वविद्यालय, समन्वय महाशाखाले कार्तिक २६ देखि मङ्सीर ३ गतेसम्म त्रिविका उपत्यका बाहिरका विभिन्न निकायमा कार्यरत मुख्य लेखा सहायक र लेखा सहायक कर्मचारीहरूका लागि सेवाकालीन तालीम सञ्चालन गरेको छ । कीर्तिपुरस्थित नेपाल र दक्षिण एसियाली अनुसन्धान केन्द्र (सिनास) मा आयोजित तालीममा लेखाप्रणालीमा कर्मचारीहरूको दक्षता अभिवृद्धि, विद्युतीय माध्यम प्रयोगको प्रबर्द्धन लगायत् विभिन्न विषयमा विज्ञहरूले प्रशिक्षण दिएका थिए ।

तालीमको उद्घाटन गर्दै त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार प्रा.डा. केदारप्रसाद रिजालले पेशागत विकासका लागि तालीम आवश्यक पर्ने र विश्वविद्यालयका कर्मचारीहरूले अधिकारका साथै कर्तव्यको पनि वोध गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । "विश्वविद्यालयका सबै तहमा कार्यरत कर्मचारीले आफ्नो विशिष्ट जिम्मेवारीको यथोचित कार्यान्वयन, आफ्नो कार्यक्षेत्रलाई व्यवस्थित बनाउने योजना निर्माण, आफ्नो काम आफैंले गर्ने प्रवृत्तिको विकास गर्नुका साथै आफूलाई निरन्तर परिमार्जन र परिस्कृत गर्दै सक्षम बनाउनु पर्दछ । कर्मचारीहरूमा सभ्य र मर्यादित आचरण हुनुपर्दछ । उनीहरूले सिक्ने र सिकाउने संस्कारको पनि विकास गर्नुपर्दछ ।"



*त्रिवि समन्वय महाशाखाले आयोजना गरेको लेखा कर्मचारीहरूको सेवाकालीन तालिम उद्घाटन समारोहका सहभागी तथा अतिथिहरू ।*
*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै त्रिभुवन विश्वविद्यालय, नेपाल र दक्षिण एसियाली अनुसन्धान केन्द्र (सिनास)का

कार्यकारी निर्देशक डा. मृगेन्द्रबहादुर कार्कीले भन्नुभयो, "लेखाशाखामा कार्यरत कर्मचारीहरूले अनुशासित र जिम्मेवार बन्नुपर्दछ । लेखापरीक्षणमा एकरूपता हुनुपर्दछ । सबै कर्मचारीमा सेवाभाव, समयको पालना र जिम्मेवारीको बोध हुनुपर्दछ ।" त्रिभुवन विश्वविद्यालय, सामान्य प्रशासन महाशाखाका प्रमुख राजुकुमार श्रेष्ठले यो एकहप्ताको सेवाकालीन तालीमले कर्मचारीहरूलाई पुनर्ताजगी गर्नुका साथै तालीममा सिकेको ज्ञान र अनुभव उनीहरूको कार्यक्षेत्रमा प्रतिविम्बित गर्न प्रेरित गर्ने अपेक्षा व्यक्त गर्नुभयो ।

त्रिवि समन्वय महाशाखाका निमित्त प्रमुख दिपक तिवारीले तालीमको मुख्य उद्देश्य सिक्ने र सिकेका कुरा अरूलाई सिकाउने हुनुपर्नेमा जोड् दिँदै भन्नुभयो, "त्रिविको कार्यप्रणालीमा लेखामा कार्यरत कर्मचारीहरूको महत्वपूर्ण जिम्मेवारी हुनेभएकाले यो तालीमले त्रिविको समग्र लेखाप्रणालीमा महत्वपूर्ण सुधार गर्नेछ भन्ने अपेक्षा गरिएको छ । सहभागीहरूले समयको पालना गरेर र नजानेका विषयमा स्रोतव्यक्तिहरूलाई प्रश्न गरेर सक्रिय सहभागिता जनाउनु हुनेछ भन्नेमा हामी विश्वस्त छौं ।"

त्रिवि कर्मचारी संघ, केन्द्रीय इकाइ समितिका अध्यक्ष छत्रबहादुर कार्कीले कार्यक्षेत्रमा निरन्तर क्रियाशील कर्मचारीहरूमा तालीमले निखार ल्याउने अपेक्षा गर्दै करार सेवामा कार्यरत कर्मचारीहरूलाई समेत् पहिलो पटक यो तालीममा सहभागी गराइएकोमा आयोजकलाई धन्यवाद दिनुभयो । यस्ता तालीमले प्रयोगात्मक पक्षमा बढी ध्यान दिनुपर्ने धारणा व्यक्त गर्दै उहाँले लामो समयसम्म एउटै पदमा कार्यरत कर्मचारीमा व्याप्त निराशालाई सम्बोधन गर्न पदाधिकारीहरूसमक्ष अनुरोध पनि गर्नुभयो ।

तालीममा उपत्यका बाहिरका ६१ लेखा कर्मचारी सहभागी छन् ।

# अनिवार्य अवकाश

| शिक्षक-कर्मचारीको नाम | पद | कार्यालयको नाम | अवकाश मिति |
|---|---|---|---|
| श्री सुषमा श्रेष्ठ | सह-प्राध्यापक | पद्मकन्या बहुमुखी क्याम्पस, वागबजार | २०८१।०६।०१ |
| श्री सत्यनारायण यादव | सह-प्राध्यापक | महेन्द्र मोरङ्ग आदर्श बहुमुखी क्याम्पस, विराटनगर | २०८१।०६।०१ |
| श्री यसप्रसाद अधिकारी | सिनियर ल्याब ब्वाई | रामपुर क्याम्पस, खैरहनी | २०८१।०६।०१ |
| श्री रोशनी प्रधान (गोर्खाली) | सह-प्राध्यापक | पद्मकन्या बहुमुखी क्याम्पस, वागबजार | २०८१।०६।०२ |
| डा. प्रदिप वैद्य | प्राध्यापक | महाराजगञ्ज चिकित्सा क्याम्पस, महाराजगञ्ज | २०८१।०६।०२ |
| श्री मिश्रीमाया पोडे | कार्यालय सहयोगी | त्रिवि शिक्षण अस्पताल, महाराजगञ्ज | २०८१।०६।०२ |
| श्री बद्रीप्रसाद विडारी | प्राध्यापक | महेन्द्ररत्न क्याम्पस, ताहाचल | २०८१।०६।०३ |
| श्री जगदिश नारायण साह | शाखा अधिकृत | रामस्वरूप रामसागर बहुमुखी क्याम्पस, जनकपुर | २०८१।०६।०३ |
| श्री सावित्री प्रधान | मुख्य कार्यालय सहायक | थापाथली क्याम्पस, थापाथली | २०८१।०६।०४ |
| श्री महेन्द्र नारायण कर्ण | सह-प्राध्यापक | महेन्द्र मोरङ्ग आदर्श बहुमुखी क्याम्पस, विराटनगर | २०८१।०६।०५ |
| डा. मधुसुदन राज गिरी | सह-प्राध्यापक | त्रिचन्द्र बहुमुखी क्याम्पस, घण्टाघर | २०८१।०६।१० |
| श्री सुनिल कुमार यादव | सह-प्राध्यापक | बुटवल बहुमुखी क्याम्पस, बुटवल | २०८१।०६।१० |
| श्री अर्जुनप्रसाद श्रेष्ठ | उप-प्राध्यापक | पाटन संयुक्त क्याम्पस, पाटनढोका | २०८१।०६।१२ |
| श्री हिमानी पिया (वैद्य) | प्राध्यापक | नेपाल कमर्श क्याम्पस, मीनभवन | २०८१।०६।१२ |

# अनिवार्य अवकाश

| शिक्षक-कर्मचारीको नाम | पद | कार्यालयको नाम | अवकाश मिति |
|---|---|---|---|
| श्री ओमबहादुर रायमाझी | सह-प्राध्यापक | सानोठिमी क्याम्पस, सानोठिमी | २०८१।०६।१३ |
| श्री रीता मास्के | सह-प्राध्यापक | शंकरदेव क्याम्पस, रामशाहपथ | २०८१।०६।१४ |
| श्री सूर्य कोइराला | सह-प्राध्यापक | महराजगञ्ज नर्सिङ्ग क्याम्पस, महाराजगञ्ज | २०८१।०६।१५ |
| श्री बुद्धिनारायण डङ्गोल | वरिष्ठ ल्याब ब्वाई | रत्न राज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग | २०८१।०६।१६ |
| श्री गोपाल बहादुर कार्की | कार्यालय सहयोगी | अन्तरराष्ट्रिय सम्बन्ध केन्द्र, कीर्तिपुर | २०८१।०६।१६ |
| श्री कालिका बहादुर अधिकारी | उप-प्राध्यापक | रामपुर क्याम्पस, खैरहनी, चितवन | २०८१।०६।१७ |
| श्री राजकुमार मास्के | सह-प्राध्यापक | महेन्द्र बहुमुखी क्याम्पस, धरान | २०८१।०६।१८ |
| श्री रूद्रप्रसाद तिमिल्सिना | कार्यालय सहयोगी | रत्न राज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग | २०८१।०६।१८ |
| श्री बिजेन्द्रमान शाक्य | सह-प्राध्यापक | शंकरदेव क्याम्पस, रामशाहपथ | २०८१।०६।२१ |
| श्री कृष्णप्रसाद ढकाल | सह-प्राध्यापक | महेन्द्ररत्न क्याम्पस, ताहाचल | २०८१।०६।२८ |
| श्री अमरनाथ विश्वास | उप-प्राध्यापक | पूर्वाञ्चल क्याम्पस, धरान | २०८१।०७।०१ |
| श्री बटुककृष्ण पराजुली | सह-प्राध्यापक | पुल्चोक क्याम्पस, पुल्चोक | २०८१।०७।०५ |
| श्री राम विश्वास प्रसाद शाह | प्राध्यापक | भक्तपुर बहुमुखी क्याम्पस, भक्तपुर | २०८१।०७।०६ |
| श्री केदारराज पुडासैनी | सह-प्राध्यापक | महेन्द्र रत्न क्याम्पस, ताहाचल | २०८१।०७।०७ |
| डा. लक्ष्मणसिंह कुँवर | सह-प्राध्यापक | पाटन संयुक्त क्याम्पस, पाटनढोका | २०८१।०७।०७ |
| डा. विष्णु सापकोटा | प्राध्यापक | इतिहास केन्द्रीय विभाग, कीर्तिपुर | २०८१।०७।१४ |
| डा. विमलचन्द्र झा | उप-प्राध्यापक | रामस्वरूप रामसागर बहुमुखी क्याम्पस, जनकपुर | २०८१।०७।१५ |
| श्री राजीव कुमार | सह-प्राध्यापक | हेटौंडा क्याम्पस, हेटौंडा | २०८१।०७।१८ |
| डा. धर्मराज अधिकारी | प्राध्यापक | पाटन संयुक्त क्याम्पस, पाटनढोका | २०८१।०७।१९ |
| श्री कुर्बान हवारी | उप-प्राध्यापक | ठाकुरराम बहुमुखी क्याम्पस, वीरगञ्ज | २०८१।०७।२० |
| श्री रीनाशोभा बनिया (तुलाधर) | सह-प्राध्यापक | पद्मकन्या बहुमुखी क्याम्पस, वागबजार | २०८१।०७।२२ |
| श्री नीलमणी रेग्मी | सह-प्राध्यापक | पाटन संयुक्त क्याम्पस, पाटनढोका | २०८१।०७।२३ |
| डा. रामनाथप्रसाद यादव | प्राध्यापक | व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र, कीर्तिपुर | २०८१।०७।२६ |

# विद्यावारिधि



**गङ्ग बहादुर आचार्य** : विज्ञान तथा प्रविधि अध्ययन संस्थानले गङ्ग बहादुर आचार्यलाई "Investigation of Novel Topological Properties in Kagome Metal A2T3S4 ( Where A are K, Rb& Cs and T are 3d & 4d Transition Metal)" शीर्षकको शोधप्रबन्धमा विद्यावारिधि उपाधि प्रदान गरेको छ । उहाँलाई २०८१ साउन २ मा बसेको अनुसन्धान समितिको बैठकले विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय गरेको हो ।



**इन्दिरा श्रेष्ठ** : व्यवस्थापन सङ्कायले नेपाल कमर्श क्याम्पस मीनभवनमा कार्यरत इन्दिरा श्रेष्ठलाई "Glass Ceiling and Women Career Development in Nepalese Financial Institutions" शीर्षकको शोधप्रबन्धमा विद्यावारिधि उपाधि प्रदान गरेको छ । उहाँलाई २०८१ साउन २८ मा बसेको अनुसन्धान समितिको बैठकले उक्त उपाधि प्रदान गर्ने निर्णय गरेको हो ।



**भूपेन्द्र जङ्ग बस्नेत** : व्यवस्थापन सङ्कायले नेपाल कमर्श क्याम्पस मीनभवनका उपप्राध्यापक भूपेन्द्र जङ्ग बस्नेतलाई "Human Resource Managment and Organizational Performance in Nepalese Public Financial Institutions" शीर्षकको शोधप्रबन्धमा विद्यावारिधि उपाधि प्रदान गरेको छ । उहाँलाई २०८१ साउन ३ मा बसेको अनुसन्धान समितिको बैठकले उक्त उपाधि प्रदान गर्ने निर्णय गरेको हो ।



**भोगेन्द्र कठायत**: विज्ञान तथा प्रविधि अध्ययन संस्थानले नेपाल वायुसेवा निगमका सिनियर क्याप्टेन भोगेन्द्र कठायतलाई "Factors Influecing Aviation Visibility in Nepal" शीर्षकको शोधप्रबन्धमा विद्यावारिधि उपाधि प्रदान गरेको छ । उहाँलाई २०८१ साउन ३२ मा बसेको अनुसन्धान समितिको बैठकले उक्त उपाधि प्रदान गर्ने निर्णय गरेको हो ।



**रविन्द्र कुमार न्यौपाने** : व्यवस्थापन संकायले नेपाल कमर्श क्याम्पस मिनभवनका उप्राध्यापक रविन्द्र कुमार न्यौपानेलाई "Business Development Services and Enterprise Promotion in Kavre, Nepal" शीर्षकको शोधप्रबन्धमा विद्यावारिधि उपाधि प्रदान गरेको छ । उहाँलाई २०८१ साउन ९ मा बसेको अनुसन्धान समितिको बैठकले सो उपाधि प्रदान गर्ने निर्णय गरेको हो ।



**अञ्जना पोखरेल** : विज्ञान तथा प्रविधि अध्ययन संस्थानले अन्जना पोखरेललाई "Dynamics of Transmission and Control of Measles" शीर्षकको शोधप्रबन्धमा विद्यावारिधि उपाधि प्रदान गरेको छ । उहाँलाई २०८१ भदौ ९ मा बसेको अनुसन्धान समितिको बैठकले उक्त उपाधि प्रदान गर्ने निर्णय गरेको हो ।



**भूमिराज बुढाथोकी** : विज्ञान तथा प्रविधि अध्ययन संस्थानले भूमिराज बुढाथोकीलाई "Impacts of Climate Change on Hydrological Regimes in Southern Slopes of Central Himalayas" शीर्षकको शोधप्रबन्धमा विद्यावारिधि उपाधि प्रदान गरेको छ । उहाँलाई २०८१ साउन १८ मा बसेको अनुसन्धान समितिको बैठकले विद्यावारिधि प्रदान गर्ने निर्णय गरेको हो ।

## त्रिवि बुलेटिन वेबसाइटमा

त्रिभुवन विश्वविद्यालय सूचना तथा जनसम्पर्क महाशाखाबाट प्रकाशित त्रिवि बुलेटिन निम्न वेबसाइटमा पनि उपलब्ध छ ।

***www.tu.edu.np***

# विद्यावारिधि



**बन्दना कुमारी जैन** : व्यवस्थापन सङ्कायले पोष्ट ग्र्याजुयेट क्याम्पस, विराटनगरका सहायक प्राध्यापक बन्दना कुमारी जैनलाई "Quality of Work life and Organizational Performance of Industries in Nepal" शीर्षकको शोधप्रबन्धमा विद्यावारिधि उपाधि प्रदान गरेको छ । उहाँलाई २०८१ भदौ १३ मा बसेको अनुसन्धान समितिको बैठकले सो उपाधि प्रदान गर्ने निर्णय गरेको हो ।



**बिन्दु घिमिरे** : विज्ञान तथा प्रविधि अध्ययन संस्थानले माइक्रोबायोलोजी केन्द्रीय विभागका उपप्राध्यापक बिन्दु घिमिरेलाई "Characterization of Antimicrobial Resistance in Escherichia Coli Isolated from River Basin of Kathmandu Valley" शीर्षकको शोधप्रबन्धमा विद्यावारिधि उपाधि प्रदान गरेको छ । उहाँलाई २०८१ भदौ २६ मा बसेको अनुसन्धान समितिको बैठकले विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय गरेको हो ।



**रमेश गौतम** : विज्ञान तथा प्रविधि अध्ययन संस्थानले रत्नराज्य लक्ष्मी क्याम्पसका उपप्राध्यापक रमेश गौतमलाई "Modeling and Analysis of Dynamics of Malaria Transmission with Control Measures : Imported Cases" शीर्षकको शोधप्रबन्धमा विद्यावारिधि उपाधि प्रदान गरेको छ । उहाँलाई २०८१ भदौ १४ मा बसेको अनुसन्धान समितिको बैठकले उक्त उपाधि प्रदान गर्ने निर्णय गरेको हो ।



**विजय बहादुर थापा** : विज्ञान तथा प्रविधि अध्ययन संस्थानले पृथ्वीनारायण क्याम्पस पोखराका सहायक प्राध्यापक विजय बहादुर थापालाई "Isolation and Characterization of Antibiotics from Actionomycetes Collected in Nepal" शीर्षकको शोधप्रबन्धमा विद्यावारिधि उपाधि प्रदान गरेको छ । उहाँलाई २०८१ असोज ९ मा बसेको अनुसन्धान समितिको बैठकले सो उपाधि प्रदान गर्ने निर्णय गरेको हो ।



**अस्मिता श्रेष्ठ** : विज्ञान तथा प्रविधि अध्ययन संस्थानले काठमाडौं मोडल कलेजका उपप्राध्यापक अस्मिता श्रेष्ठलाई "Covid 19 Global Pandemic: Analysis of Secondary Metabolites from Natural Products to Aid the Engineering of Drugs" शीर्षकको शोधप्रबन्धमा विद्यावारिधि उपाधि प्रदान गरेको छ । उहाँलाई २०८१ भदौ १९ मा बसेको अनुसन्धान समितिको बैठकले विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय गरेको हो ।



**प्रमिला कुमारी गच्छदार** : विज्ञान तथा प्रविधि अध्ययन संस्थानले समाजशास्त्री प्रमिला कुमारी गच्छदारलाई "Plant Species Diversity and Biomass in the Forests of Morang District, East Nepal" शीर्षकको शोधप्रबन्धमा विद्यावारिधि उपाधि प्रदान गरेको छ । उहाँलाई २०८१ कार्तिक १३ मा बसेको अनुसन्धान समितिको बैठकले उक्त उपाधि प्रदान गर्ने निर्णय गरेको हो ।


प्रकाशक : त्रिभुवन विश्वविद्यालय, सूचना तथा जनसम्पर्क महाशाखा, कीर्तिपुर, फोन नं. ४३३०३४६
इमेल : info@tu.edu.np
वेबसाइट : www.tu.edu.np
सम्पादक : भीम बहादुर श्रेष्ठ
सम्वाददाता : कृष्णप्रसाद वस्ताकोटी
कम्प्युटर डिजाइन : सरोज महर्जन
मुद्रक : त्रिवि छापाखाना, कीर्तिपुर